# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, कार्तिक २६ गते, २०८१ साल (संख्या ३७

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले स्थानीय तहका रिक्त पदको पदपूर्ति गर्न स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ को उपदफा (२) बमोजिम सम्वत् २०८१ साल मङ्सिर १६ गते आइतबारका दिन उपनिर्वाचन गर्ने र मतदाता नामावली ऐन, २०७३ को दफा २० को उपदफा (२) बमोजिम उपनिर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगबाट अन्तिम मतदाता नामावली स्वीकृत गरी प्रकाशन गरेको मितिसम्ममा

जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष वा वडा अध्यक्ष र नगरपालिकाका प्रमुख, उपप्रमुख वा वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा त्यस्ता पदको पदपूर्तिका लागि समेत सोही मितिमा उपनिर्वाचन गर्ने निर्णय गरी खण्ड ७४, अतिरिक्ताङ्क २९, मिति २०८१/५/३० को नेपाल राजपत्र भाग ५ मा प्रकाशन भएकोमा सो बमोजिम देहायका स्थानीय तहका देहायका पदमा समेत सम्वत् २०८१ साल मङ्सिर १६ गते आइतबारका दिन उपनिर्वाचन हुने भएकोले यो सूचना प्रकाशन गरिएको छः-

| सि. नं. | प्रदेश | जिल्ला | स्थानीय तह | पद | वडा नं |
|---|---|---|---|---|---|
| १ | कोशी | ताप्लेजुङ | सिरिजङ्गा गाउँपालिका | वडा अध्यक्ष | ३ |
| २ | मधेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | वडा अध्यक्ष | १ |

आज्ञाले,
गोकर्णमणि दुवाडी
नेपाल सरकारको सचिव।



मुद्रण विभाग, सिंहदरबार